# मनहरी गाउँपालिका

## रजैया, मकवानपुर

## वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न प्रतिवेदन

**आ. ब. २०८०/८१**

**प्रतिवेदक**

**अन्जना सुवेदी**

**१.पृष्ठभुमि :**

प्रत्येक निकायले सम्पन्न गरेको योजना तथा कार्यक्रमहरुको प्रगति समीक्षा गर्नुपर्ने नितिगत ब्यवस्था भए अनुरुप यस मनहरी गाउँपालिकाको आ.व. ०८०/८१ को वार्षिक प्रगति समीक्षा कार्यक्रम संचालन गरिएको हो। उपलब्ध स्रोत र साधनको यथोचित वितरण र परिचालन भए नभएको विषयमा सरोकारवाला बिच छलफल र समीक्षा गरी प्राप्त पृष्ठपोषणको आधारमा संस्थागत सुधार गरी कार्य सम्पादनलाई चुस्त दूरुस्त बनाउन आ. व. २०८०/०८१ को वार्षिक प्रगति समीक्षा कार्यक्रम गरिएको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी ज्यूको अध्यक्षतामा संचालन भएको सो कार्यक्रममा गाउपालिका अध्यक्ष श्री रन्जन कालाखेतीज्यूको प्रमुख आतिथ्यता उपाध्यक्ष श्री सिता पुलामी मगर ज्यूको विशेष आतिथ्यता एवम् वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरुको आतिथ्यतामा शाखा प्रमुखज्यूहरुद्धारा शाखागत प्रस्तुती रहेको थियो। भने गाउँपालिकाको अन्य कर्मचारीहरु पनि उपस्थिति रहेको थियो ।

**२. उदेश्य :**

मनहरी गाउँपालिकाले वार्षिक प्रगति समीक्षा कार्यक्रम गर्नुको मुख्य उदेश्य आ. व. २०८०/८१ मा संचालित र सम्पन्न भएको आयोजना/कार्यक्रमहरूको वित्तिय तथा भौतिक प्रगतिको विवरण तयार गरी आगमी दिनहरुमा कार्यक्रम संचालनको लागि पृष्ठपोषण प्राप्त गर्नु रहेको छ।

**३. कार्यक्रम संचालन मिति :** २०८१ /०४ /२४ गते विहिबार

**४. कार्यक्रम संचालन स्थान :** मनहरी गाउँपालिकाको सभा हल, लामिटार।

**५. कार्यक्रम संचालन समय :** बिहान ७:०० बजे देखि

**६. कार्यक्रम तालिका :**

**६.१ आसन ग्रहण**

प्रमुख प्रशासकीय अधिकृतज्यू – अध्यक्ष

गाउँपालिका अध्यक्ष ज्यू – प्रमुख अतिथि

गाउँपालिका उपाध्यक्ष ज्यू- विशेष अतिथि

वडा अध्यक्ष ज्यूहरु - अतिथि

कार्यपालिका सदस्य ज्यूहरू - अतिथि

शाखा प्रमुख ज्यूहरू

सम्पूर्ण कर्मचारीहरू

**६.२ राष्ट्रिय गान /प्राविधिक सपोर्ट - सूचना प्रविधि अधिकृत श्री आशिष मल्ल**

**६.३ स्वागत तथा उद्देश्य माथि प्रकाश – श्री राजेन्द्र प्रसाद चौलागाई**

**६.४ शाखागत प्रस्तुती**

**१. शिक्षा शाखा - श्री प्रदिप पराजुली**

**२. योजना शाखा – योजना शाखा प्रमुख श्री राजेन्द्र प्रसाद चौलागाई**

**३. आर्थिक प्रशासन शाखा / जिन्सी शाखा/राजश्व शाखा - वरिष्ठ लेखा अधिकृत श्री राजेन्द्र भट्टराई**

**४. प्रशासन शाखा/ सूचना प्रबिधि तथा संचार उपशाखा/न्यायिक समिती – प्रशासन शाखा प्रमुख श्री अन्जना सुवेदी**

**५. सामाजिक विकास शाखा- सामाजिक विकास शाखा प्रमुख श्री ज्ञानेन्द्र ढकाल**

**६. भौतिक पूर्वाधार विकास शाखा –ईन्जिनियर श्री सृष्टि न्यौपाने**

**७. स्वास्थ्य शाखा- स्वाथ्य संयोजक श्री रामचन्द्र दाहाल**

**८. प्रधानमन्त्री रोजगार /सामि कार्यक्रम /लघु उद्यम विकास कार्यक्रम - रोजगार सहायक श्री प्रमोद अधिकारी**

**९. कृषि विकास शाखा – कृषि स्नातक श्री शिवनारायण शाह**

**१०. पशुपंक्षि विकास शाखा - डा. प्रदिप बर्तौला**

**११. महिला बालबालिका उपशाखा - श्री शिला अधिकारी**

**१२. सार संक्षेप प्रस्तुतिकरण- प्रमुख प्रशासकीय अधिकृत**

कुल खर्च प्रगतिः

| क स | | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|
| १ | चालु | ८७.९९ % | ९३.२२ % |
| २ | पुजिगत | ८७.७ % | ९५ % |
| | कुलमा | ८७.८५ % | ९४.११ % |
| | | | |

| | |
|---|---|
| कुल आयोजना/ कार्यक्रम/खर्च/शिर्षक : | संख्याः ८४९ |
| कुल कार्यन्वयन भएको : | संख्याः ७९९ |
| कार्यान्वयन हुननसकेको : | संख्याः ५० |

<u>सवल पक्ष</u>

१. कुल खर्च प्रतिशत ८७.८५ रहेको

२. कुल भौतिक प्रगति ९४.११ रहेको

३. चालु खर्च र पूँजिगत खर्च करिब बराबर भएको/ पूँजिगत खर्च कम हुने र चालु खर्च धेरै हुने प्रवृत्तिको अन्त्य भएको

४. समपुरक, सशर्त, विशेषका संघिय तथा प्रदेशका अधिकांश कार्यक्रम कार्यान्वयन भएको

५. सेवाग्राहीलाई सहज हुने गरी कृषि तथा पशुशाखाका अनुदान कार्यक्रमहरुबाट गरिने खरिद सेवाग्राही/किसान आफैलाई खरिद गर्न लगाएको

६. आन्तरिक श्रोत लक्ष्य भन्दा बढी उठेको

७. सामाजिक सुरक्षा भत्ता वितरणमा पूर्णत EFT लागु गरिएको २११७ लाभग्राहीले सुविधा पाएका

८. कुल ३२ वटा कानुन तर्जुमा भएको

९. गाउँपालिकाको आफ्नै लगानीको ३ वटा पक्की पुल निर्माण सम्पन्न भएको

१०. गाँपालिकाको प्रशासनीक भवन निर्माणको लागि जग्गा प्राप्ति भई ठेक्का प्रक्रिया अगाडि बढेको

११. वडा नं ४ को वडा कार्यालय निर्माण गर्न र वडा नं नं १ र ४ को आधारभुत स्वास्थ्य केन्द्र निर्माणको लागि जग्गा प्राप्ति भएको

१२. गरिबसँग विशेश्वर शैक्षिक सहायता कार्यक्रम अन्तरगत २९२ जना गरिब विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई २० लाख छात्रवृति प्रदान गरिएको

१३. गाउँपालिका भित्रका गरिब तथा विपन्न १८०४ घरपरिवारको निशुल्क स्वास्थ्य विमा गरिएको

१४. आ व २०८१/८२ देखि २०८५/८६ सम्मको पाँच बर्षिय आवधिक योजना तर्जुमा गरिको

१५. संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण तथा प्रतिवेदन तयार गरिएको

१६. गाउँपालिकाको क्षमता विकास योजना (CD) तर्जुमा गरिएको

१७. २४ जना कर्मचारी पदपूर्ति गरिएको

१८. १९ पटक कार्यपालिका बैठक बसी २७१वटा निर्णय भएको

१९. ११५ प्याकेट तथा खुला २०९० पिस गुट्खाजन्य पदार्थ जफत र नष्ट गरिएको

२०. LISA स्थानीय सरकार संस्थागत विकास सोमुल्याङ्कनमा ७७.५ अंक सहित मकवानपुर जिल्ला प्रथम र FRAमा ७३.५ अंक सहित जिल्लाको दोस्रो गाउँपालिका भएको ।

**६.६ मन्तव्य**

१. वडा अध्यक्षज्यूहरुको तर्फबाट वडा नं. १ का वडा अध्यक्ष श्री शिव प्रसाद खनाल

२. उपाध्यक्ष श्री सिता पुलामी मगरज्यू विशेष अतिथि

३. अध्यक्ष श्री रन्जन कालाखेतीज्यू प्रमुख अतिथि

**६.७ कार्यक्रम संचालन तथा उद्घघोषण श्री अन्जना सुवेदी**

**६.८ प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी ज्यूबाट कार्यक्रम समापन।**

## ७. कार्यक्रममा उठान भएका विषयवस्तु तथा सुझावहरु

गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको प्रमुख आतिथ्यता तथा उपाध्यक्ष श्री सिता पुलामी मगर ज्यूको विशेष आतिथ्यता र मनहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी ज्यूको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै अधिकृत छैँठौ श्री राजेन्द्र प्रसाद चौलागाई ज्यूले कार्यक्रमको उद्देश्यमाथी प्रकाश पार्नु भएको थियो । गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेतीज्यूले कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृत मार्फत परीचालित हुनु पर्ने साथै कर्मचारी र जनप्रतिनिधि एकै सिक्काका दुई पाटा हुन् त्यसैले एक अर्काको समन्वयमा काम गरे मात्र मनहरी गाउँपालिकालाई समृद्ध बनाउन सकिनेको साथै विगतको आर्थिक वर्षमा भन्दा यस आर्थिक वर्षमा कार्य प्रगति सन्तोषजनक रहेको भएता पनि गाउँपालिकाले लिएको लक्ष्य अनुरुप वित्तिय तथा भौतिक प्रगति अझै पनि पुरा नभएको र आगामी दिनमा सबै कर्मचारीहरुले गाउँपालिकाको उद्देश्य प्राप्तिको लागि अझ बढि लगनशिलताका साथ काम गर्नु पर्ने भन्दै आ.व. २०८१/०८२ मा कर्मचारीहरुले थप मेहेनत गर्न समेत निर्देशन दिनुभयो । त्यस्तै गाउँपालिका उपाध्यक्ष श्री सिता पुलामी मगर ज्यूले यस वर्षको वित्तिय एवम् भौतिक प्रगति सन्तोषजनक रहेको भन्दै आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाबाट हुने विभिन्न कार्यक्रम तथा विकास निर्माणका कार्यहरु असार उन्मुख नभई समयमा नै सम्पन्न गर्नुपर्ने जसको प्रतिफल अझ बढि उत्कृष्ट हुने र कर्मचारीहरुले प्राप्त अख्तियारी बमोजिम बार्षिक कार्य तालिका बनाई जनप्रतिनिधीसँग आवश्यक समन्वय गरी अझ सक्रियताकासाथ समयमै कार्य सम्पन्न गर्न निर्देशन दिनुभयो । त्यस्तै वडा नं १ का वडा अध्यक्ष श्री शिव प्रसाद खनालज्यूले ५२ वर्षको उमेरमा कक्षा १२ उत्तिर्ण गर्नुभएको अवसरमा गाउँपालिका अध्यक्ष ज्यू उपाध्यक्ष ज्यू वडा अध्यक्षज्यूहरु कार्यपालिका सदस्यज्यूहरु लगाएत सम्पुर्ण कर्मचारीहरुको तर्फबाट बधाई तथा सम्मान गरियो यसै क्रममा वडा अध्यक्षहरुको तर्फबाट वडा नं. १ का वडा अध्यक्ष श्री शिव प्रसाद खनालज्यूले ले यस आ.व. को वित्तिय प्रगति उत्कृष्ट रहेको र कर्मचारीहरुलाई काम गर्ने शिलशिलामा जनप्रतिनिधीबाट कुनै पनि बाधा अवरोध सिर्जना आफुले नगरेको र आगामी दिनहरुमा पनि कर्मचारी र जनप्रतिनिधी एक आपसामा समन्वय गर्दै अगाडी बढ्नु पर्ने र जनप्रतिनिधिहरुबाट कर्मचारीलाई कानूनको दायरा भन्दा बाहिर काम गर्न कहिल्यै पनि दवावको अवस्था सिर्जना नगर्ने प्रतिवद्धताको साथै सम्पुर्ण जनप्रतिनिधी तथा कर्मचारीहरुलाई कामको व्यस्तताको बाबजुत पनि आफ्नो अध्ययनलाई निरन्तरता दिनुपर्ने र पढाईलाई उमेरले नछेक्ने भन्दै धारणा व्यक्त गर्नुभयो । त्यसैगरि मनहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी ज्यूले सबै शाखाबाट भए गरेका काम कारबाहीको सारसंक्षेपमा प्रगति तथा सबल पक्षको उल्लेख गर्दै शाखा प्रमुखहरुलाई प्रगतिको लागि धन्यबाद दिदै चालु आ.व. मा थप प्रगतिको लागि प्रतिबद्ध भएर कार्य सम्पादन गर्नको साथै कर्मचारीहरुले अनुशासनमा रहि मुस्कान सहितको सेवा प्रवाह गर्न निर्देशन दिनुभयो ।

## ८. कार्यक्रमको सवल तथा दुर्वल पक्ष

वार्षिक प्रगती समिक्षा कार्यक्रममा विभिन्न विषयगत शाखा र वडागत प्रस्तुतीमा आ.व. २०७९/०८० को वित्तिय प्रगति र कार्य सम्पादनको सिलसिलामा देखिएका समस्याहरुलाई समेटिनुका साथै विभिन्न वडाका वडा अध्यक्षहरु र कार्यापालिका सदस्यहरुको उपस्थिति देखिनु सकारात्मक पक्षका रुपमा लिन सकिन्छ । यद्यपि सबै वडाका वडा अध्यक्षहरुको उपस्थिती भने नरहेको हुँदा थप सल्लाह सुझाव भने प्राप्त हुन सकेन । कार्यक्रमका सबै

प्रस्तुतिहरुमा एकरुपता ल्याई तथ्याङ्क र चार्टमा आधारित बनाउदै आम नागरिकले सहजै रुपमा बुझ्न सकिने खालको प्रस्तुतिकरण हुनुपर्ने देखिन्छ ।

**९. निष्कर्श :**

मनहरी गाउँपालिकाको आ.व. ०८०/०८१ मा संचालित योजना तथा कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा कार्यक्रमले आगामी दिनमा विभिन्न विषयगत शाखा तथा वडागत रुपामा संचालन हुने कार्यक्रम तथा योजनाहरु आम नागरिकले स्थानीय सरकारको महशुस गर्ने गरी निर्धारित समय अगाडी नै सम्पादन गर्न महत्वपुर्ण भुमिका रहनेछ । वार्षिक प्रगति समिक्षा कार्यक्रमले गाउँपालिकाको सेवा प्रवाहमा पारदर्शिता ल्याउनुको साथै समयमा नै सूचना प्रवाह गरि सबै पक्षसँग समन्वय र सहकार्य गर्दै भावि कार्यदिशा तय गर्न समेत लाभदायिक हुने निष्कर्ष रहेको छ ।

मिति २०८१/०४/२४ गते आयोजित आ.व. ०८०/०८१ को बार्षिक प्रगति समीक्षा को उपस्थिति विवरण

आज मिति २०८१/०४/२४ गते बिहान ७ :०० बजे मनहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी ज्यूको संयोजकत्वमा गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेतीज्यूको प्रमुख आतिथ्यता तथा उपाध्यक्ष श्री सिता पुलामी मगरज्यूको विशेष उपस्थितिमा मनहरी गाउँपालिकाका वडा अध्यक्ष, कार्यापालिका सदस्यज्युहरु र तपसिल बमोजिमका कर्मचारीहरुको उपस्थितिमा मनहरी गाउँपालिकाको आ.व. ०८०/०८१ को प्रगति समिक्षा कार्यक्रम संचालन गरियो ।

उपस्थिति:

| क्र. सं. | पदाधिकारी/ कर्मचारीहरुको उपस्थिति | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री रमेश सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ५ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ६ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ७ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ८ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ९ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| १० | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| ११ | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| १२ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १३ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १४ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १५ | श्री रामं माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १६ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १७ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १८ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

मिति २०८१/०४/२४ गते आयोजित आ.व. ०८०/०८१ को वार्षिक प्रगति समीक्षा को उपस्थिति विवरण

| | | | |
|---|---|---|---|
| १९. | श्री राजेन्द्र भट्टराई | व. ले. अ | |
| २०. | श्री साधना चुवेदी | अ. प्राती | |
| २१. | श्री प्रदिप घलाछुली | अ. प्राती | |
| २२. | श्री प्र. प्रदिप बर्तौला | अ. प्राती | |
| २३. | श्री रुद्रविर दयोपाने | इन्जिनियर | |
| २४. | श्री शर्मिला चुवेदी | अ. प्राती | |
| २५. | श्री शैलेश वास्कोटा | अ. छैठौं | |
| २६. | श्री राजेन्द्र चौलागाई | अ. छैठौं | |
| २७. | श्री डिल्लीराम टेम्गी | अ. छैठौं | |
| २८. | श्री देवेन्द्र व. प्रधान | अ. छैठौं | |
| २९. | श्री ज्ञानेन्द्र ढकाल | अ. छैठौं | |
| ३०. | श्री रामचन्द्र दाहाल | अ. छैठौं | |
| ३१. | श्री शिवनारायण शाह | कृषि स्नातक | |
| ३२. | श्री टुकराज चौधरी | प. ई | |
| ३३. | श्री लक्ष्मण अधिकारी | प्रा. स | |
| ३४. | श्री शिला अधिकारी | स. प. वि. नि | |
| ३५. | श्री भुवन नेपाल | अ. स. ई | |
| ३६. | श्री लिला देवि मैनाली | सहायक चौथो | |
| ३७. | श्री प्रमोद कुमार खोडेल | अमिन | |
| ३८. | श्री ललित कु. साह | अमिन | |
| ३९ | श्री आशिष मल्ल | सु. प्र. प्र | |
| ४०. | श्री विकल्प चौलागाई | स. के. अ | |

Scanned with CamScanner

मिति २०८१/०४/२४ गते आयोजित आ.व. ०८०/०८१ को बार्षिक प्रगति समीक्षा को उपस्थिति विवरण

| | | | |
|---|---|---|---|
| ४१ | कृष्ण प्रसाद भट्टराई | स.प.वि.अ | [signature] |
| ४२ | सञ्जना ढुंगाल | अ.सि.नि | [signature] |
| ४३ | प्रमोद अधिकारी | ने०सं० | [signature] |
| ४४ | रेखा सापकोटा | आमिडे स्वयंसेवी | [signature] |
| ४५ | तोयं बहादुर मल्ल | का.स. | [signature] |
| ४६ | राजेन्द्र कु केसी | ,, | [signature] |
| ४७ | विष्णु माया लोप्चन | ,, | Bishnu |
| ४८ | विनोद ढुंगाना | | B. विनोद |
| ४९ | पूर्णबहादुर राई | नगर प्रहरी | Purna rai |
| ५० | [illegible] | का.स | [signature] |
| ५१ | हर्ष कठायत | प.स्वा.प्र. | [signature] |
| ५२ | लक्ष्मी माया गोले | परामर्शकर्ता | [signature] |
| ५३ | निशा विक | सिस्माइ केन्द्र | [signature] |
| ५४ | ज्ञानीमाया तिवा | महिला स्वयंसेविका | [signature] |
| ५५ | प्रेक्षा गौतम | हि.अ. नगरपालिका | प्रेक्षा |
| ५६ | अविना ढकाल | अ.न.मी. | [signature] |
| ५७ | नमिता अधिकारी | ने.प्रा.स | [signature] |
| ५८ | संगीता सापकोटा | अ.हे.व | संगीता |
| ५९ | सिर्जना बतौला | सभापति | [signature] |
| | | | |
| | | | |
| | | | |

Scanned with CamScanner






सुरक्षित नागरिक आवास कार्यक्रम
आ.ब. ०७९/०८० र ०८०/०८१ मा गरी कुल सम्झौता भएका
लाभग्राही संख्या : १४१
निर्माण सम्पन्न गरी दोश्रो किस्ता भुक्तानी लिएको संख्या : ५८
भुक्तानी माग गरेको संख्या : १७
दोश्रो किस्ता भुक्तानी लिन बाँकी : ६६


सम्पादित कार्यक्रमहरु
➢गर्भवती महिलाहरुको लागी ग्रामिण भिडियो एक्सरे सेवा वडा स्तरमा सञ्चालन गरिएको । हालसम्म ७३९ जनालाई सेवा दिइएको ।
➢पुर्ण संस्थागत सुत्केरीको लागी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको । ८९ जनाले सेवा लिएका छन ।
➢२०८०।८१ मा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा २१६ जना महिलाले प्रसुति सेवा लिएका छन् ।
➢गरिव तथा अतिविपन्न परिवारको लागी एम्बुलेन्स सेवामा ५०% छुटको व्यवस्था अनुसार ३० जनाले सेवा लिएका


"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार; समृद्ध मनहरीको आधार"
मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया मकवानपुर
आ व २०८०/८१ को
वार्षिक समिक्षा गोष्ठी
मिति : २०८१/०४/२४
समय: विहान ७:३० बजे
स्थान: लामिटार सभाहल


Source: HDMI